कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर ।

आ.व. २०७७/०७८
च.नं.

बागमती प्रदेश, नेपाल।

<u>प्रेस विज्ञप्ति</u>

COVID-19 को दोश्रो भेरियन्टको महामारीका बीच स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउँदै यस गाउँपालिकाको आठौं गाउँसभा मिति २०७८/०३/१० गतेका दिन भएको र सोही दिन गाउँसभामा पेश भएका वार्षिक नीति तथा कार्यक्रम, बजेट, आर्थिक विधेयक २०७८ र विनियोजन विधेयक २०७८ माथि दफाबार छलफल भई आठौं गाउँसभा सम्पन्न भएको छ । गाउँसभाबाट आगामी आ.व. २०७८/०७९ को लागि रु. ३३,३०,७७,०००।- (अक्षेरेपी तत्तीस करोड तीस लाख सतहत्तर हजार) को आय-व्यय सर्व-सम्मत स्वीकृत भएको छ । आठौं गाउँ सभाले गाउँ गौरबका आयोजनाहरु मध्ये कोन्ज्योसोम प्रतिमा निर्माणको कामलाई पहिलो प्राथमिकतामा राखेको छ भने वडा नं. २ शंखुमा १० शय्याको आधारभूत अस्पताल निर्माणको कामलाई पनि प्राथमिकतामा राखेको छ । गाउँपालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण सम्पन्न भई सेवा प्रवाह समेत शुरु भई सकेको छ । चालु आ.व. २०७७/०७८ मा जस्तै आगामी आ.व. २०७८/०७९ लाई पनि यस गाउँपालिकाले "कृषि तथा **पशुपन्छी वर्ष**"कै रुपमा मनाउने भएको छ । कोरोना भाईरस(COVID-19) बाट हुने जोखिम न्युनिकरणका लागि COVID-19 रोकथाम तथा नियन्त्रण कोषको व्यवस्था गर्ने भएको छ, भने स्थानीय विपत व्यवस्थापन कोषको व्यवस्थालाई पनि निरन्तरता दिईएको छ ।

अन्तमा, आठौं गाउँसभालाई सभ्य र भव्य ढंगबाट सम्पन्न गर्न आ-आफ्नो तह र तप्काबाट महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु र सरोकारवाला सबैलाई धन्यवाद दिने निर्णय समेत भएको व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि सार्वजनिक गर्दछु ।

मिति -२०७८/०३/१०

२०७८/०३/१०
.....................
सुविन्द्र तामाङ्ग
प्रवक्ता